**कार्यपालिका बैठक संख्या नं. ५५ स्थानः नगरपालिका भवन मिति २०८२/०६/३० गते**

**विहानः १०:३०**

**<u>प्रस्तावहरुः</u>**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून निर्माण तथा स्वीकृति सम्बन्धमा।
३. स्थानीय अनुकुलन कार्ययोजना, (२०८०/८१-२०८४/८५) को अद्यावधिक सम्बन्धमा।
४. विभिन्न भौतिक संरचनाको लागि भएको बोलपत्रको अनुमोदन तथा श्रोत सुनिश्चता सहित थप बोलपत्र आव्हान सम्बन्धमा।
५. नेपाल सरकार अर्थ मन्त्रालयको परिपत्र सम्बन्धमा।
६. भौतिक संरचनाहरुको बीमा गर्ने सम्बन्धमा।
७. कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत सम्बन्धमा।
८. 'घ' वर्गको ईजाजत जारी गर्ने सम्बन्धमा।
९. घुम्ती शिविर सञ्चालन सम्बन्धमा।
१०. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) छनौट सम्बन्धमा।
११. संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, सुर्खेतलाई अनुरोध गर्ने सम्बन्धमा।
१२. म्याद थप सम्बन्धमा।
१३. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

तपसीलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधेयक समितिमा छलफलका लागि पठाउने निर्णय गरियो ।

(१) कार्य सञ्चालन निर्देशिका, २०८१ (संसोधन २०८२)
(२) बसपार्क व्यवस्थापन कार्यविधि, २०८२ (संसोधन २०८२)
(३) आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१(संसोधन २०८२)
(४) उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
(५) लैङ्गिक हिंसा निवारण कोष २०८२ ,कार्यविधि (सञ्चालन)
(६) बाल कोष सञ्चालन कार्यविधि, २०८२

**निर्णय नं. ३**

दलित विकास समाज, सल्यान र IPass Nepal को सहयोगमा स्थानीय अनुकुलन कार्ययोजना, (२०८०/८१-२०८४/८५) को अद्यावधिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपाल सरकार, कर्णाली प्रदेश सरकार तथा यस शारदा नगरपालिकाबाट विनियोजन भएका तपसीलका भौतिक संरचना निर्माण गर्नका लागि स्थानीय आवश्यकतालाई मध्यनजर गरी लागत अनुमान तयार गर्ने क्रममा विनियोजित रकममा नपुग हुने रकम शारदा नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने गरी श्रोत सुनिश्चिता सहित आव्हान भएका बोलपत्रको अनुमोदन एवं बाँकी बोलपत्र र शिलबन्दी दरभाउ पत्र आव्हान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

तपसीलः

| सिन | आयोजनाको नाम | श्रोत | विनियोजित रकम | श्रोत सुनिश्चत भएको रकम | आयोजनाको कुल लागत अनुमान रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रशासनिक भवन पछाडि पर्खाल निर्माण | नगरपालिका | २०,००,०००/ | ६,९३,०९६/ | ३६,९३,०९६/ | ठेक्का भैसकेको |
| २ | सवारी साधन पार्किङ्ग टहरा निर्माण | नगरपालिका | १०,००,०००/ | | | |
| ३ | रामेखोला कजेरी ऱ्याले सडक निर्माण | संघीय समपुरक | १,७२,००,०००/ | ३३,७८,४५५/ | २,०५,७८,४५५/ | |

कार्यपालिका बैठक २०८२ असोज ३० गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | बरला पाईखोला नेपाने सडक स्तरोन्नती | कर्णाली प्रदेश शर्सत | १५,००,०००/ | ५९,४८४/ | १५,५९,४८४/ | |
| ५ | शान्तिनगर चैबाङ्ग मोटरबाटो स्तरोन्नती | कर्णाली प्रदेश शर्सत | १५,००,०००/ | ६१,२५०/ | १५,६१,२५०/ | |
| ६ | सापमारा देखि साहुटोला जोड्ने मोटरबाटो स्तरोन्नती | कर्णाली प्रदेश शर्सत | १५,००,०००/ | २१,०७०/ | १५,२१,०७०/ | |
| ७ | ठूला जिउला टाड्के सिंचाई योजना | कर्णाली प्रदेश शर्सत | ११,००,०००/ | १४२१५८/ | १२,४२,१५८/ | |

**निर्णय नं. ५**

नेपाल सरकार अर्थ मन्त्रालयबाट मिति २०८२ असोज ७ मा जारी परिपत्रका बारेमा बैठकमा जानकारी गराउनुका साथै नगरपालिकाको सुव्यवस्थापनका लागि निर्देशन पालना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिकाको प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्था, श्रीनगर बसपार्क र श्रीनगर बहुउद्देश्यीय भवनको निर्जीवन बीमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सल्यानमा तपसीलको मितिमा दर्ता भएको निर्माण सम्बन्धी काम गर्ने फर्म प्रचलित कानून बमोजिम लाग्ने राजस्व रकम लिई नयाँ इजाजत प्रमाण पत्र जारी गर्ने निर्णय गरियो ।

| सि न | फर्मको नाम | प्रा. फ. दर्ता नम्बर | उद्योग तथा उपभोक्ता हीत संरक्षण कार्यालय बाट जारी मिति | प्रोप्राइटरको नाम थर | कैफि. |
|---|---|---|---|---|---|
| १ | एस. बि. कन्सट्रक्सन, शारदा-१, सल्यान | ३६८६-०८२/८३ | २०८२/०५/०९ | श्री सुरेन्द्र बुढा शारदा- १२, सल्यान | |

**निर्णय नं. ९**

शारदा नगरपालिकाको आयोजना र विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र (HRDC) बनेपा, काभ्रेपचाञ्चोकको आर्थिक तथा प्राविधिक सहयोगमा श्रीनगर स्थित बहुउद्देश्यीय सभा हलमा २०८२ कार्तिक १३ गते १८ वर्षसम्मका तपसिलमा उल्लेखित शारीरिक अपाङ्गता भएका बालबालिकाको परीक्षण, उपचार र पुनर्स्थापना घुम्ती शिविर सञ्चालन हुने भएकोले वडाभित्रका त्यस्ता बालबालिकाहरुलाई उक्त शिविरबाट सेवा लिनका लागि प्रचार प्रशार गर्न वडा कार्यालयलाई पत्राचार गर्ने निर्णण गरियो ।

तससीलः

- जन्मजात खुट्टाको पैतला भित्र फर्केको (क्लब फुट),

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

- आगोले पोलेर अङ्गहरु एक आपसमा टाँसिएको,
- भाँचिएर बाङ्गो भएको वा हड्डी नजोडिएको खट्टा लुलो र कमजोर भएको,
- ढाड बाङ्गो वा कुप्रो भएको, जोर्नीहरु र घुँडाको पाङ्ग्रो खुस्किएको,
- जोर्नीहरु दुख्ने र सुन्निने समस्या भएको,
- हड्डी पाकेर पिप आइरहने र हड्डीको टि बि रोग लागेको,
- औंलाहरु एक आपसमा टाँसिएको वा बढी भएको,
- शरीरका विभिन्न जोर्नीहरु बाङ्गो वा खुस्किएको,
- अन्य हाड जोर्नी सम्बन्धी समस्या भएको,
- सहायक सामग्री तथा कृतिम अङ्गको आवश्यकता भएका ।

**निर्णय नं. १०**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२ भाद्र ११ गतेको प्रस्तावना अनुसार आवेदन गरेको यस नगरपालिका सोही मन्त्रालयको मिति २०८२ असोज १२ गतेको प्रकाशित सूचना बमोजिम जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनामा छनौट भएकोले तपसीलका आयोजना निर्माणका लागि प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसीलः

| सि. नं. | योजनाको नाम | घरधुरी संख्या | बस्ती/टोलहरु | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुके खोला तटबन्ध निर्माण | ९२० घरधुरी | श्रीनगर बजार क्षेत्र, पटनेरी टोल | शारदा न.पा.–१, सल्यान | बाढी–पहिरोबाट वस्ती संरक्षणका लागि खोला किनारमा तटबन्ध निर्माण गरिने |
| २ | तिमिले खोला तटबन्ध निर्माण | ८५ घरधुरी | तिमिले टोल | शारदा न.पा.–११, सल्यान | खोलाको दुवै किनारमा हुने कटान नियन्त्रण गर्नेछ र स्थानीय बासिन्दालाई दीर्घकालीन सुरक्षा |
| ३ | बयाले सिँचाइ कुलो निर्माण योजना | ६५ घरधुरी | बयालेटोल | शारदा न.पा.–१५, सल्यान | सिँचाइ अभाव बन्दै गएको क्षेत्रलाई सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन बढाउने उद्देश्य |

कार्यपालिका बैठक २०८२ असोज ३० गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | बगर सिँचाइ कुलो निर्माण योजना | ७८ घरधुरी | बगरटोल | शारदा न.पा.–१५, सल्यान | सिँचाइ अभाव बन्दै गएको क्षेत्रलाई सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन बढाउने उद्देश्य |
| ५ | पञ्चासे–सिमखेत–फातली सिँचाइ कुलो निर्माण योजना | ९२ घरधुरी | पञ्चासे, सिमखेत, फातली गाउँ | शारदा न.पा.–९, सल्यान | सिँचाइ अभाव बन्दै गएको क्षेत्रलाई सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन बढाउने उद्देश्य |
| ६ | फोहर व्यवस्थापन (छुट्याउने, संकलन र पुनःप्रयोग) केन्द्र निर्माण | ३३१४ घरधुरी | बजार क्षेत्र, वडा – १, २, ३, ४, ५, ६ र १२ | शारदा न.पा.–३, सल्यान | ठोस फोहर व्यवस्थापनका लागि फोहरलाई छुट्याउने, संकलन र पुनःप्रयोग प्रणाली विकास गर्ने |
| ७ | बुद्ध पार्क बृक्षारोपण तथा संरक्षण योजना | ६६७ घरधुरी | खलंगा तथा लुहापिङ क्षेत्र | शारदा न.पा.–२, सल्यान | शारदा नगरपालिकाको सौन्दर्यीकरण र वातावरण संरक्षण अभियानअन्तर्गत दीगो हरित विकासतर्फको महत्वपूर्ण पहल |

**निर्णय नं ११**

आर्थिक वर्ष २०८२/८३ मा संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, सुर्खेतबाट यस नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने नेपाल सरकारबाट विनियोजन भएको तपसीलका आयोजनाहरु ठेक्का प्रक्रिया यथाशीघ्र अगाडि बढाइदिन अनुरोध गर्ने निर्णय गरियो ।

तपसीलः

(१) श्रीनगर, खैराबाङ मन्दिर, हिवल्चा, मधाना, लक्ष्मीपुर पिठ, गंङ्गामाला कालिमाटी पर्यटकीय सडक स्तरोन्नती शारदा १, ११, १० र कालिमाटी गा.पा. १ र ३ सल्यान

(२) मधाना, खैरावाङ्ग मन्दिर सम्मको सडक पुरानो कालोपत्रे भएको स्थान देखी अगाडी बढाउने आवश्यक संरचना र नाला समेत ( वडा नं १० ) ।

(३) साहुटोल, बरला सडक RCC तथा कालोपत्रे गर्ने, नाला र आवश्यक संरचना सहित ( वडा नं ३,२ र ६)



ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

(४) बरला देखी खेलमैदान जाने सडकमा RCC तथा कालोपत्रे गर्ने कार्य, आवश्यक संरचना र नाला समेत ( वडा नं ६ )

(५) खलंगा बजारमा नाला निर्माण गर्ने (वडा नं २)

(६) श्रीनगर बजारमा ढल निकासका लागि नाला र RCC सडक निर्माण गर्ने (वडा नं १ )

**निर्णय नं. १२**

यस शारदा नगरपालिकाको तपसीलका आयोजनालाई थप आर्थिक व्ययभार नपर्ने गरी तपसील अनुसारको समयसीमाका लागि म्याद थप गर्ने निर्णय गरियो।

| सिन | आयोजनाको नाम | ठेक्का नं. | सम्झौता अवधि | थप अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | Construction of Siddha Temple at Madhana Park, Ward-10, Salyan | SMO/NCB/W/10/2081/82 | २०८२/०६/३० | २०८२/१२/३० | |

**निर्णय नं. १३**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) यस शारदा नगरपालिका मातहत रहेका सार्वजनिक शौचालयलाई सरसफाई गरी दिगोपना कायम गर्न कर्मचारी आवश्यक रहेकोले खलंगा बसपार्कमा २ जना र दुलधारा पोखरामा १ जना सरसफाई कर्ता ज्यालादारीमा राख्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(ख) यस नगरपालिकासंग रहेको Back Hoe Loader र नगर बसलाई नियमित रुपमा सञ्चालन तथा व्यवस्थित गर्न एक/एक (१/१) जना सहयोगी कर्मचारी ज्यालादारीमा राख्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(ग) विजया दशमीको पावन अवसरमा हरेक वर्ष झैं प्रचलित रूपमा दिदै आएको दशैं वली यस वर्ष पनि जिल्लाका सुरक्षा निकायहरु जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र कारागारका कैदीहरूका लागि उपलब्ध गराएको रु. १,००,०००/- (अक्षेरुपी एक लाख मात्र) आन्तरिक श्रोतमा रहेको भाषा कला संस्कृति जगेर्ना शीर्षकबाट दिएको भुक्तानी अनुमोदन गर्ने।



ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत